## ब्रिटिश गोर्खा टोली

काठमाडौं, ११ साउन। बिट्रिस गोर्खा वेलफेयर सोसाइटीको उच्च स्तरीय टोलीले नेपालका अधिकारी र विभिन्न राजनीतिक दलका नेताहरूलाई भेट्ने भएको छ।

दुई साता लामो नेपाल भ्रमणका क्रममा बेलायतबाट नेपाल आएको टोलीले आज यहाा पत्रकारहरूसमक्ष सोसाईटीका अध्यक्ष तथा अवकास प्राप्त मेजर टिकेन्द दल देवानले आफूहरूको गोर्खा न्याय अभियान नसकिएको बताउादै बेलायती सरकारले सबै अवकास प्राप्त भूपू गोर्खा सेनाहरू र तिनीहरूका परिवारलाई समान पेन्सन र सेवा सुविधा नदिएसम्म यो अभियान जारी रहने बताउनुभयो।

अध्यक्ष देवानले यो भ्रमणको मुख्य उद्देश्य नेपाली अधिकारीहरू र विभिन्न नेताहरूलाई भूपू गोर्खाहरूका लागि समान पेन्सन र सुविधाका बारेमा हामीले बेलायतमा सञ्चालन गरिरहेको अभियानबारे अवगत गराउने रहेको पनि जानकारी गराउनुभयो।

बिट्रिस सरकारले सन् २००९ मे २१ मा सन् १९९७ पहिले अवकास प्राप्त गरेका तथा कम्तीमा चार वर्ष सेवा गरेका गोर्खा सैनिकहरूलाई बेलायतमा नै बसोबासको अधिकार दिने घोषणा गरेको थियो।

केही गोर्खा सङ्गठनहरूले बेलायती सरकार सबै भूतपूर्व गोर्खालीहरूलाई बसोबास गर्ने अधिकार दिन राजी भएपछि अब गोर्खा न्याय अभियानको औचित्य नै समाप्त भएको भनी घोषणा गरेका छन्। तर बिट्रिस गोर्खा सोसाईटीले भने सबै बेलायती भूपू गोर्खा सैनिक र अधिकृतहरूको समान पेन्सन र अरू सुविधाको ग्यारेन्टी गर्ने व्यवस्था नहुदाासम्म अभियान अपूरो नै रहने बताउादै आएको छ।

सो संस्थाका तीन हजार भन्दा बढी सदस्यहरू बेलायतका विभिन्न स्थानहरूमा बसोबास गरिरहेको पनि अध्यक्ष देवानले बताउनुभयो।

यही क्रममा टोलीले दिल्लीस्थित ब्रिटिस हाईकमिशनका अधिकारीसाग भूपू गोर्खाहरूलाई बेलायतमा बसोबास गराउने प्रकृयालाई कसरी सजिलो बनाउने भन्नेबारे छलफल गर्ने बताइएको छ।

## भू.पू. गोर्खाली र अध्यक्ष नेम्बाङबीच भेट

काठमाडौं, १३ साउन। भू.पू. बेलायती गोर्खा सैनिकहरूको सङ्ठन ब्रिटिस गोर्खा वेलफेयर सोसाइटीका अध्यक्ष भू.पू. मेजर टिकेन्द्रदल देवानको नेतृत्वमा आएको प्रतिनिधिमण्डलले आज संविधानसभाका अध्यक्ष सुवास नेम्बाङलाई भेटी भू.पू.सैनिकहरूलाई बेलायती सरकारले गर्दै आएको असमान पेन्सन लगायतका विषयमा जानकारी गराएको छ।

सो सोसाइटीका अध्यक्ष भू.पू. मेजर देवानले सबै नेपाली भू.पू. बेलायती गोर्खाली सैनिकहरूलाई बेलायती सैनिक सरह पेन्सन दिनुपर्ने र सुखसुविधासहित बसोबासको सुनिश्चितता गरिनुपर्ने मागसहितको गोर्खा न्याय अभियान आफूहरूले सञ्चालन गर्दै आएको र सोही बारे नेपाली अधिकारीहरू तथा राजनीतिक दलका नेताहरूलाई जानकारी गराउन नेपाल आएको बताउनुभयो।

ब्रिटिस सरकारले सन् २००९ मे २१ मा सन् १९९७ पहिले अवकास प्राप्त गरेका तथा कम्तीमा चार वर्ष सेवा गरेका गोर्खा सैनिकहरूलाई बेलायतमा नै बसोबासको अधिकार दिने घोषणा गरेको पनि समान पेन्सनका बारेमा भने कुनै कुरा स्पष्ट गरिएको छैन्।

केही गोर्खा सङ्गठनहरूले बेलायती सरकार सबै भूतपूर्व गोर्खालीहरूलाई बसोबास गर्ने अधिकार दिन राजी भएपछि अब गोर्खा न्याय अभियानको औचित्य नै समाप्त भएको भनी घोषणा गरेका छन् ।

तर ब्रिटिस गोर्खा सोसाईटीले भने सबै बेलायती भू.पू. गोर्खा सैनिक र अधिकृतहरूको समान पेन्सन र अरु सुविधाको ग्यारेन्टी गर्ने व्यवस्था नहुदाासम्म अभियान अपुरो नै रहने जनाएको छ ।

सो प्रतिनिधिमण्डलले राष्ट्रपति डा. रामवरण यादव, प्रधानमन्त्री माधवकुमार नेपाल, परराष्ट्रमन्त्री सुजाता कोईराला, वरिष्ठ मन्त्रीहरू, नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोईराला, एकीकृत नेकपा (माओवादी)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', माओवादीका अन्य वरिष्ठ नेताहरू, वरिष्ठ सरकारी अधिकृतहरू, राजनीतिकर्मी तथा नागरिक समाजका सदस्यहरू लगायतका महानुभावसाग भेटघाट गरेको बताएको छ ।

## राष्ट्रपति डा. यादवसाग भेट

काठमाडौं, १४ साउन । राष्ट्रपति डा. रामवरण यादवलाई ब्रिटिस गोर्खा वेलफेयर सोसाइटीका अध्यक्ष भूपू मेजर टिकेन्द्र दल देवानको प्रतिनिधिमण्डलले आज भेट गरी भूपू सैनिकहरूलाई बेलायती सरकारले गर्दै आएको असमान पेन्सन, बसोबासको अवस्था र गोर्खा न्याय अभियान बारेमा जानकारी गराएको छ ।

एक साता अघि नेपालमा आएको उक्त प्रतिनिधिमण्डलले यसअघि संविधानसभाका अध्यक्ष सुभाव नेम्वाङलाई भेट गरी आˆनो अभियानका बारे जानकारी गराएको छ ।

## माग

काठमाडौा, १३ साउन । भूपू बेलायती सेनाहरूको सङ्गठन ब्रिटिस गोर्खा वेलफेयर सोसाइटीले भूपू गोर्खाहरू, तिनका परिवार तथा गोर्खा एकल महिलाहरूलाई सुविस्तापूर्वक बसाइासराइ गर्न उचित प्रबन्ध मिलाउन बेलायती सरकारसाग माग गरेको छ ।

नयाादिल्लीस्थित ब्रिटिश हाइकमिसनका अधिकारीहरूसाग काठमाडौामा आज भएको भेटघाटमा सोसाइटीको प्रतिनिधिमण्डलले यस्तो माग गरेको हो ।

सोसाइटीका अध्यक्ष भूपूमेजर टिकेन्द्रदल देवानले नेतृत्व गरेको प्रतिनिधिमण्डलले भूपू गोर्खाहरूले ब्रिटेनमा बसोबासका लागि दिएको निवदेनलाई छिटोछरितो र प्राथमिकताका साथ हेरिदिन पनि आग्रह गरेको थियो ।

सोसाइटी जनसम्पर्क अधिकृत प्रकाश गुरुङले बेलायतमा बसोबासका लागि दिएको निवेदनलाई छिटोछरितो गर्न सके धेरै गोर्खालीलाई राहत मिल्ने बताउनुभयो । रासस

## ब्रिटिस गोर्खा भेट

काठमाडौं, १८ साउन । बेलायतस्थित ब्रिटिस गोर्खा वेलफेयर सोसाइटीको एक टोलीले आज नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल र एकीकृत नेकपा माओवादीका बरिष्ठ नेता कृष्णबहादुर महरालाई छुट्टाछुट्टै भेट गरी बेलायती सरकारले भूपू गोर्खाहरूलाई गर्दै आएको असमानता, बसोबासको व्यवस्था र पेन्सनबारे अवगत गराएको छ ।

सो अवसरमा बोल्दै नेकपा एमालेका अध्यक्ष खनालले नेपाल र बेलायतबीच भएको त्रिपक्षीय सन्धि भएदेखि नै भूपू गोर्खाहरूलाई बेलायत सरकारले असमान व्यवहार गर्दै आएको बताउादै अब त्यस्ता संन्धि संझौताहरू बदल्नुपर्ने बताउनुभयो ।

उहााले नेपालमा शान्ति र नियम कानुनयुक्त वातावरण हुने हो भने प्रवासी नेपालीबाट धेरै लगानी नेपालमा भित्रिएर मुलुकको विकासमा सहयोग पुग्न सक्ने विश्वास व्यक्त गर्दै विदेशमा बस्ने नेपालीका लागि हुने विभेदका बारे सरकार गम्भीर हुनुपर्ने सुझाव दिनुभएको थियो ।

एकीकृत नेकपा माओवादीका नेता कृष्णबहादुर महराले बेलायत सरकारले भूपू गोर्खाहरूलाई सेवा र सुविधामा गर्दै आएको असमान व्यवहारका बारे आफूहरूले सरकारलाई घच्घच्याउने विश्वास दिलाउनुभएको थियो ।

सो अवसरमा सोसाईटीका अध्यक्ष टेकेन्द्र दल देवानले बेलायती सरकारले भरखर नै सबै भूपू गोर्खाहरूलाई बसोबासको व्यवस्था गरेपनि सन् १९९७ भन्दा पहिला अवकास प्राप्त भूपूहरूका लागि भने कुनै व्यवस्था नगरेकोले आफूहरूले बेलायतमा गोर्खा अभियान सञ्चालन गरिरहेको जानकारी गराउनुभएको थियो ।

उहााले बेलायत सरकारले सबै भूपू गोर्खा सैनिकहरूलाई समान पेन्सन र सुविधासहितको व्यवस्था नगरेसम्म आफूहरूको आन्दोलन समाप्त नहुने बताउादै नेपाली अधिकारी, राजनीतिक पार्टी, नागरिक समाज र सञ्चारकर्मीको नैतिक समर्थन जुटाउन आफूहरू दुई साता लामो नेपाल भ्रमणमा आएको उल्लेख गर्नुभयो ।

सोसाइटीका नेपाल प्रमुख लोक गुरुङले आफूहरूले सबैलाई समान पेन्सनको माग गरेको जानकारी गराउनुभएको थियो ।

## प्रधानमन्त्री र भूपू गोर्खा टोलीबीच भेट

काठमाडौा, १८ साउन । प्रधानमन्त्री माधवकुमार नेपालले एउटा नेपालीलाई अपमान गर्नु भनेको सिङ्गो नेपाललाई नै अपमान गर्नु बराबर भएकाले कुनै पनि देशले त्यस्तो व्यवहार गर्न नहुने बताउनुभएको छ ।

बेलायतस्थित ब्रिटिस गोर्खा वेलफेयर सोसाइटीका अध्यक्ष भूपू मेजर टिकेन्द्रदल देवानको एउटा टोलीसागको भेटघाट कार्यक्रममा प्रधानमन्त्रीले नेपालले सो कुरा बताउनुभएको हो ।

सो सोसाइटीले थाल्दै आएको गोर्खा न्यायको अभियानमा नैतिक समर्थन जनाउादै प्रधानमन्त्री नेपालले नेपाल र बेलायतबीचका असहमतिलाई सहमतिका आधारमा समाधान गर्नेतर्फ नेपाल सरकार लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री नेपालले विदेशमा बस्ने नेपालीलाई नेपालमै लगानी गर्न र लगानीयोग्य वातावरण बनाउनसमेत आग्रह गर्नुभयो ।

सो अवसरमा सोसाइटीका अध्यक्ष देवानले भूपू सैनिकलाई बेलायती सरकारले गर्दै आएको असमान पेन्सन, बसोबासको अवस्था र गोर्खा न्याय अभियानका बारेमा जानकारी गराउँदै बेलायती सरकारले भर्खर नै सबै भूपू गोर्खालाई बसोबासको व्यवस्था गरे पनि सन् १९९७ भन्दा पहिला अवकाशप्राप्त भूपूका लागि भने कुनै व्यवस्था नगरेकाले आफूहरुले बेलायतमा समानता, बसोबासको व्यवस्था र समान पेन्सनका लागि गोर्खा अभियान सञ्चालन गरिरहेको बताउनुभयो ।

हिजो त्रिपक्षीय सन्धिका कारण हामीले सबै भूपूलाई समान पेन्सन दिन सकेका छैनौा भन्ने बेलायती सरकारले हाल यही सन्धिको आधारमा सन् १९९७ पछि अवकाशप्राप्त भूपूलाई समान पेन्सन दिनु विभेदकारी भएकाले यसमा संशोधन गरिनुपर्ने टोलीको माग थियो ।

सोसाइटीका नेपाल प्रमुख लोक गुरुङले सबै भूपू गोर्खालाई बेलायत सरकारले समान पेन्सन तथा सुखसुविधासहितको बसोबासको व्यवस्था गर्नसक्यो भने नेपालमै बस्न चाहने भूपू गोर्खालीलाई पनि समान सुविधा दिनुपर्ने भएकाले आफूहरुले सबैलाई समान पेन्सनको माग गरेको जानकारी गराउनुभएको थियो ।

आफूहरुले चलाएको समान पेन्सनको मुद्दा अहिले पनि बेलायतमा चलिरहेको र सन् २००९, २७ अक्टोबरमा यसको फैसला हुने  अध्यक्ष देवानले जानकारी गराउनुभयो ।

बेलायत सरकारले सन् २००९ मे २१ मा सन् १९९७ पहिले अवकाशप्राप्त तथा कम्तीमा चार वर्ष सेवा गरेका गोर्खा सैनिकलाई बेलायतमा नै बसोबासको अधिकार दिने घोषणा गरेको छ । तर समान पेन्सनका बारेमा भने कुनै कुरा स्पष्ट गरिएको छैन ।

सोसाइटीका महासचिव छत्र राईले जो बेलायतमा जान चाहनुहुन्न त्यस्ता भूपू गोर्खालीलाई बेलायतमा बसोबासको सुनिश्चिता गरेर समान न्याय गरेको मानिँदैन भन्दै यसका लागि सबैलाई समान पेन्सन हुनुपर्ने आवाज आफूहरुले उठाइरहेको जानकारी गराउनुभयो ।

बेलायत सरकारले सबै भूपू गोर्खा सैनिकलाई समान पेन्सन र सुविधासहितको व्यवस्था नगरेसम्म आफूहरुको आन्दोलन समाप्त नहुने बताउँदै नेपाली अधिकारी, राजनीतिक पार्टी, नागरिक समाज र सञ्चारकर्मीको नैतिक समर्थन जुटाउन सो टोली एकसाताअघि नेपाल भ्रमणमा आएको हो ।
-----

**<u>समान पेन्सनका लागि भ् प् गोर्खाहरुको बेलायती सरकारसाग माग</u>**

काठमाडौं, २० साउन । गोर्खा सैनिकहरुको प्रमुख संगठन ब्रिटिस गोर्खा वेलफेयर सोसाइटी (बिजिडब्लुएस) ले सबै भूपू गोर्खाहरु, तिनका परिवार तथा गोर्खा एकल महिलाहरुलाई सुविस्तापूर्वक बेलायतमा बसाईसराई गर्न उचित प्रबन्ध मिलाउन ब्रिटिश सरकारसाग माग गरेको छ ।

सो सोसाईटीले आज यहाा पत्रकार सम्मेलनको आयोजना गरी यस्तो माग गरेको हो ।

आ˜नो दुई साता लामो नेपाल बसाईपछि आयोजित सो पत्रकार सम्मेलनमा बोल्दै सोसाईटीका अध्यक्ष बेलायती सेनाको गोर्खा रेजीमेण्टका अवकाशप्राप्त मेजर टिकेन्द्रदल देवानले सबै भूपू गोर्खाहरुलाई आवासीय अधिकार दिने ब्रिटिश सरकारको हालैको घोषणा पनि उनीहरुलाई ब्रिटिश सैनिकसरह समान पेन्सन र अन्य सुविधा उपलब्ध नगराएसम्म आफूहरुले बेलायतमा सञ्चालन गर्दै आएको गोर्खा न्याय अभियान समाप्न नहुने बताउनुभयो ।

उहााले आफूहरु नेपाल बसाईको क्रममा नयाा दिल्लीस्थित ब्रिटिश हाईकमिशनका अधिकारीहरुसाग भेट गरी भूपू गोर्खा र तिनका परिवारले ब्रिटेनमा बसोबासका लागि दिएको निवेदनलाई छिटो, छरितो र प्राथमिकताका साथ हेरिदिन, भूपू गोर्खाका एकल महिलालाई श्रीमान्को सेवा सरह सेवा सुविधा दिन तथा भूपू गोर्खा सैनिकका १८ वर्ष पुगेका सन्तानको निवेदन बुझिदिन  आग्रह गरेको जानकारी गराउनुभयो ।

बीजीडब्लुएसले सन् २००९ को अक्टोबरमा  बेलायती स्थानीय अधिकारीहरुसाग मिलि नेपालमा रहेका भूपू गोर्खा र उनीहरुका परिवारजनलाई बेलायतमा बसोबास र त्यहााको जीवनबारे जानकारी दिन तथा बसाईसराईमा सघाउन एउटा टोलीसहित फेरि नेपालको भ्रमण गर्ने कार्यक्रम रहेको जनाएको छ ।

ब्रिटिश सरकारले गत  मे २१ तारिखका दिन सन् १९९७ भन्दा पहिले अवकासप्राप्त गरेका तथा कम्तीमा चार वर्ष सेवा गरेका भूपू  गोर्खा सैनिकहरुलाई बेलायतमा बसोबासको अधिकार दिने घोषणा गरेको थियो ।

“केही गोर्खा सङ्गठनहरुले बेलायती सरकारले सबै भूतपूर्व गोर्खालीहरुलाई बसोबास गर्ने अधिकार दिन राजी भएपछि गोर्खा न्याय  अभियानको औचित्य समाप्त भएको घोषणा गरेका छन् ।  तर हामीले  सबै बेलायती भूपू गोर्खाहरुको समान पेन्सन र अरु सुविधाको ग्यारेन्टी नहुदाासम्म अभियानलाई निरन्तरता दिएका छौं,” बिजिडब्लुएसका महासचिव छत्र राईले भन्नुभयो ।

बिजिडब्लुएसले लण्डनमा बेलायतका प्रमुख राजनीतिक दलका साासदहरु लगायत भूपू सैनिक मामिला हेर्ने मन्त्री केभिन जोन्स र एमओडि  टिमसाग गोर्खा सैनिकहरुको समान पेन्सन र सुविधाबारे दबाव दिदै आएको जनाएको छ ।
अध्यक्ष देवानले नेपाल बसाईका क्रममा बरिष्ठ राजनीतिज्ञहरु, सरकारका अधिकारीहरु तथा नागरिक समाजका प्रतिनिधिहरुसाग भेटघाट गरी भूपू गोर्खा सैनिकहरुलाई ब्रिटिस सेनासरह समान पेन्सन र अन्य सुविधा उपलब्ध गराउन आफूले बेलायतमा चलाईरहेको अभियानबारे अवगत गराएको  र उहााहरुबाट नैतिक समर्थन प्राप्त भएको बताउनुभयो ।

बिजिडब्लुएसका तर्फबाट दायर गरिएको समान पेन्सनको मुद्धा अहिले पनि बेलायतको न्यायिक निकायमा विचाराधीन रहेको र सन् २००९, २७ अक्टोबरमा न्यायिक फैसलालाई कुरिरहेका छौं ।

**BGWS.ORG © MMIX**